# Nepal Coronavirus CivActs Campaign

अंक #१५

८।१।२०७७

भ्रामक समाचार, हल्ला र अफवाहरुले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



लकडाउनको २४औं दिन

तस्बिर: एलिट जोशी




## दुर्गमका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि २०७५ अनुसार ३० जिल्लामा पूर्ण र ४ जिल्लामा आंशिक रुपमा नि:शुल्क हवाई उद्धार कार्यक्रम सञ्चालन गरिएको छ ।

### आंशिक रुपमा लागु भएका जिल्लाहरु

सिन्धुपाल्चोक, धादिङ, गोरखा, बागलुङ

### पूर्ण रुपमा लागु भएका जिल्लाहरु

दार्चुला, बैतडी, बाजुरा, बझाङ डोटी, अछाम, जाजरकोट, दैलेख, मुगु, कालिकोट, जुम्ला, हुम्ला, डोल्पा, ताप्लेजुङ, संखुवासभा, भोजपुर, पाँचथर, तेह्रथुम, खोटाङ, ओखलढुंगा, सोलुखुम्बु, दोलखा, मनाङ, मुस्ताङ, म्याग्दी, रोल्पा, रुकुम पूर्व, रुकुम पश्चिम, सल्यान र रसुवा



accountabilitylab NEPAL

# हल्ला र तथ्य



लकडाउनको समयमा सरकारले बाँड्ने भनेको राहत पाउनु पर्ने मान्छेले पाएनन् भन्छन् नि ? यसको लागि कसलाई सम्पर्क गर्ने हो ?

लकडाउनको समयमा सरकारले तोकेको मापदण्ड अनुसार कुनै व्यक्तिले राहत नपाएको थाहा पाउनु भयो भने निम्न सम्पर्कमा एसएमएस गरी जानकारी गराइदिन सरकारले अनुरोध गरेको छ ।

प्रदेश १, उप-सचिव प्रलहाद कार्की, ९८५११५७४८५
प्रदेश २, उप-सचिव ऋषिराज आचार्य, ९८४१२९६९९०
बागमती प्रदेश, उप-सचिव अच्युत रेग्मी, ९८४१३६७८६६
गण्डकी प्रदेश, उप-सचिव बाबुराम भुषाल, ९८४१३५३६८३
प्रदेश ५, उप-सचिव डिलाराम पन्थी, ९८४१६२३२२८
कर्णाली प्रदेश, उप-सचिव रामप्रसाद वाग्ले, ९८४९२४५५१२
सुदुरपश्चिम प्रदेश, उप-सचिव रेशमलाल कंडेल, ९८५१२१३८२३



क्वारेन्टाईनमा बस्नेहरूको संख्या घटिरहेको छ तर, संक्रमितको संख्या त झन बढिरहेको छ नि? किन होला ?

क्वारेन्टाईनमा रहेकाहरूको संख्या आजको मितिमा ५,१८० छ । यो संख्या दिन प्रतिदिन घटिरहेको छ । सरकारले परिक्षणको दायरा बढाएर नेगेटिभ रिजल्ट आएका व्यक्तिहरूलाई थप होम क्वारेन्टाईनमा पठाइरहेकाले यो संख्या घटिरहेको छ ।



सरकारी सेवामा कार्यरत कर्मचारीलाई सम्बन्धीत विभाग तथा मुख्यालयबाट उनिहरूको तलबबाट कट्टा हुने गरी कोरोना रोकथामा कोषमा जम्मा गर्न निर्देशन् दिईरहेकाछन् नि ।

कोरोना संक्रमण तथा उपचारको कार्यमा प्रत्यक्ष संलग्न हुने स्वास्थ्यकर्मी तथा सुरक्षकर्मीबाट कोरोना भाईरस संक्रमण, रोकथाम नियन्त्रण तथा उपचार कोषमा रकम योगदान गर्ने सम्बन्धी कार्य उल्लेखीत कर्मचारीको लागि स्वेच्छिक रहने गरी व्यवस्था गर्न मन्त्रीपरिषदको निर्णयले सम्बन्धीत निकायलाई निर्देशन दिएको छ ।



विद्यालय र विश्वविद्यालयका विद्यार्थिहरु अहिलेको अवस्थामा शिक्षाबाट पूर्ण रुपमा बञ्चित जस्तै छन् । यो अवस्था अझै लम्बिने सम्भावना छ । यसमा सरकारको के योजना छ ?

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय र विश्वविद्यालय तहमा अनलाइन कक्षाको तयारीको लागि ७ करोड रकम छुट्याउने निर्णय गरेको छ । यस कार्यक्रमबाट विद्यालय र विश्वविद्यालय तहमा अध्ययनरत करिब ७५ लाख विद्यार्थि लाभान्वित हुनेछन् ।

## सूचनाका स्रोतहरू

विश्व स्वास्थ्य संगठन
स्वास्थ्य र जनसंख्या मन्त्रालय
कोभिड-१९ को अवस्थाअ
जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र
नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय
नेपाल श्रम शक्ति सर्वेक्षण
सुरक्षित हुन के गर्ने



accountabilitylab NEPAL

# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | नेपाली | संक्रमित | नेपाली संक्रमित |
|---|---|---|---|
| साउदी अरव | ३,५२,६६७ नेपाली | ९,३६२ संक्रमित | ४ नेपाली संक्रमित |
| कुवेत | ८२,६३० नेपाली | १,९१५ संक्रमित | ५ नेपाली संक्रमित |
| बहराईन | २८,२७६ नेपाली | १,८७३ संक्रमित | २२ नेपाली संक्रमित |
| कतार | ४,३७,००९ नेपबाली | ५,४४८ संक्रमित | २ नेपाली संक्रमित |
| युएई | २३,११,०८८ नेपाली | ६,७८१ संक्रमित | १० नेपाली संक्रमित |
| ओमान | ८,२५० नेपाली | १,२६६ संक्रमित | |
| मलेसिया | ४,६९,१३१ नेपाली | ५,३८९ संक्रमित | १ नेपाली संक्रमित |
| दक्षिण कोरिया | ५३,६९१ नेपाली | १०,६७४ संक्रमित | |




**ShramikSanjal**

## खाडी मुलुकमा त्यहाँका सरकारले लागु गरेका केही नयाँ नियमहरु



**कुवेत:** कुवेत सरकारले विदेशी नागरिकको भिषा सकिएको अवस्थामा ३ महिनाको लागी भिषा आफै नविकरण हुने पद्दतीको घोषणा गरेको छ । यो सुविधा १ मार्च देखी ३१ मे, २०२० सम्म लागु हुनेछ । अन्य अवस्थामा भिषा नविकरण गर्नेहरुको हकमा अनलाईन सेवा पनि उपलब्ध छ ।

**बहराईन:** अवैधानिक रुपमा बसिरहेका विदेशी नागरिकलाई बहराईन सरकारले ७ अप्रिल, २०२० देखी लागु हुने गरी ३१ डिसेम्बर, २०२० सम्मको लागि आम माफी दिने घोषणा गरेको छ ।

**यु.ए.ई:** यु.ए.ई को आबुधाबी, ईमिरेट्स र मुसाफामा कामदारको कोरोना भाईरसको परिक्षण नि:शुल्क गरिने भएको छ । यो सुविधा पहिलो चरणमा मुसाफा-१२ मा हुन्डाई सोरुमको नजिक र मुसाफा-४३ मा मुसाफा बजार नजिकै सुरु गरिएको छ । त्यसै गरेर, ५० बर्ष भन्दा बढी उमेरका सबैलाई र अन्यका लागि भने रोगका लक्षण देखिएमा यो सुविधा दिईने छ ।





**accountabilitylab** NEPAL

सही सूचना

# क्वारेन्टाईन र आईसोलेशनका लागि स्पष्ट प्रोटोकल आवश्यक छ







गत दुई हप्ताको तथ्यांक हेर्दा माथिको ग्राफले क्वारेन्टाईनमा रहेका बिरामीहरुको संख्या आधा जती कम भएको देखाउछ । तर, आईसोलेशनमा रहेका बिरामीहरुको संख्यामा कहिलेकाही हप्तादिनसम्म एकरुपता भएपनि दिनैपिच्छे उतारचढाव भईरहन्छ । यसले क्वारेन्टाईनमा रहेका बिरामी मध्ये कसलाई र कती समयका लागि आईसोलेशन चाहिने हो भन्ने कुराको स्पष्ट प्रोटोकल छ भन्नेमा प्रश्न चिन्ह खडा गरेको छ ।

$ Follow the money

## प्रदेश ५

### जम्मा बजेट

**२३ करोड ६० लाख**

### कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोष

**१० करोड**

आईसोलेशन अस्पतालको स्थापना, परिक्षण र उपचार, मेडिकल सामाग्रिको खरिद र कोनाका कारण कुनै परिवारको सदस्यले ज्यान गुमाएमा राहत रकम वितरण गर्न







### क्वारेन्टाईन व्यवस्थापन, न्युन आय भएका कोरोना प्रभावित परिवारलाई खाद्य सामाग्री राहत

**१३ करोड ६० लाख**

४ उप-महानगरपालिका
३२ नगरपालिका
७३ गाउँपालिका
१२ जिल्ला समन्वय समिति



# कोभिड १९ महामारीमा स्थानीय सरकारको भुमिका

वार्षिक सर्वेक्षण २०७६/०७७ अनुसार नेपालमा ५६,०६,२३५ घरधुरी छन् । ७५३ स्थानीय सरकारमा ३५ हजार भन्दा बढी जनप्रतिनिधी छन् । एक जना जनप्रतिनिधिले १६० परिवारलाई निगरानी गर्ने हो भने, सबै परिवारका समस्यासम्म पुग्न सकिन्छ । सोहि सर्वेक्षण अनुसार यदी १५.२% (८५१३८३) गरिबीको रेखामुनी रहेका घरधुरीलाई बिशेष ध्यान दिने हो भने १ जना जनप्रतिनिधीले २५ परिवारलाईमात्र ध्यान दिएमा स्थानीय सरकार प्रत्येकको घरदैलोसम्म पुग्न सक्छ ।

**३५,०३८**
जनप्रतिनिधी

**८,५१,३८३**
गरिबीको रेखामुनी रहेका घरधुरी

**२५** परिवार
प्रति जनप्रतिनिधी




आफ्नो क्षेत्रभित्र जोखिममा रहेका नागरिकको बारेमा चासो राख्नु र उनिहरूको स्थानीय तथ्याङ र अभिलेख संकलन गर्नु संविधानको अनुसुचि ८ (५) अनुसार स्थानीय सरकारको संवैधानिक जिम्मेवारी हो । आर्थिक तथा खाद्यान सहयोग, स्वस्थ्य सेवा, मनोसामजिक परामर्श र आवश्यक सूचना यस महामारीको आवश्यकता हो । यसको लागि पकेट क्षेत्रहरु पहिचान गरी वडाको संयोजकत्वमा संयन्त्रको निमार्ण मार्फत परिचालन गर्नु पर्दछ ।

आफ्नो पालिकामा रहेका कमजोर आर्थिक अवस्था भएका व्यक्ति, शहर केन्द्रित गरिब र दैनिक ज्यालादारी गरी खानेहरुकोलागि राहत तथा आवश्यक खाद्यानको व्यवस्था गरी न्यायोचित बितरण गर्ने र वडाहरुसँग समन्वय गरी प्रत्येक वडामा रहेका खाद्यान्य, औषधी तथा अन्य आवश्यक सामग्री बिक्रेताहरुको सम्पर्क नम्बरसहितको पूर्ण सूचि तयारगरी सो सम्बन्धी सूचना नियमित प्रवाह गर्नु पर्दछ ।




## आन्य सुझावहरु

- टेलिफोन, अनलाइन समाचार पोर्टल, रेडियो, पालिकाको वेबसाइट, सामाजिक सञ्जाल, पोष्टर तथा अन्य माध्यमबाट पालिकाको सबै क्षेत्रका नागरिकहरुलाई आफ्नो सरकारले गरेको काम, सेवा प्रवाह गर्ने स्थान र समय, खर्चको विवरण र प्राप्त सहयोगको बारेमा पारदर्शि ढंगले नियमित जानकारी दिनु पर्दछ । बिपदमा जोकोहीबाट पनि अनियमितता हुन सक्दछ, त्यसलाई रोक्न नागरिक तहमा अनुगमनको अवसर प्रदान गर्नु पर्दछ ।
- काठमाडौं उपत्यकाबाट थुप्रै मजदुर र जिविकोपार्जन अप्ठारोमा परेकाका व्यक्तिहरु अहिले हिडेरै घर गईरहेका समाचार आईरहेका छन् । सुरक्षा निकाय र सरोकारवालासँगको समन्वयमा सम्बन्धीत पालिकाले सवारी साधानको व्यवस्था गरी उनिहरुको उद्दार गर्ने र क्वारेन्टाइनमा राख्ने व्यवस्था गर्नु पर्दछ । (चौकुने गाउँपालिका सुर्खेत – माइक्रोबस पठाएर झापाबाट १२ जनाको उद्दार गरेको)
- नागरिकको तहमा आत्मविश्वास र अविभाकत्व बढाउन निरन्तर सम्पर्क र सहयोगको लागि संयन्त्र निमार्ण र प्रयोग गर्ने र सामाजिक संजालको प्रयोग गरी उनीहरुका समस्या सुन्ने, निरन्तर फोन सम्पर्कमा रहने, ( बेलका नगरपालिका उदयपुर ) गर्नु पर्दछ ।
- समुदायमा हुने जोखिमलाई ध्यानमा राखेर स्वास्थ्य स्वंसेविकामार्फत कोभिड-१९ बारे सचेनता अभिवृद्धि गर्ने र नागरिकको स्वास्थ्य जाँच तथा जानकारी प्रवाह गर्न वडा कार्यालयको समन्वयमा हेल्थ डेस्कहरु स्थापना गरी आधारभूत स्वास्थ्य सेवा र सूचना प्रवाह गर्ने ।

टंक अर्याल, खुला सरकार अभियानता

# मलाई कोरोना भाईरसको संक्रमण देखिएमा के गर्ने ?

## COVID-19
## हटलाईन सेवा

टोल फ्री हटलाइन
२४ घण्टा क्टर परामर्श
१११५ र ११३३

हिंसा र दुरुपयोगको
जानकारी
९८०११९३०८८

खाना
१०० र ११३७

### यसको परिक्षण कहाँ हुन्छ?

यो रोगको परिक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, काठमाण्डौमा, भरतपुर, धुलिखेल, भैरहवा र अन्य सबै प्रादेशिक अस्पतालमा गरिन्छ । संकासपद बिरामिलाई isolation मा राख्नुपर्ने भएकोले नमुना सम्बन्धीत स्वास्थ्यकार्यालयले संकलन गरेर प्रयोगशालामा पठाउनु पर्ने छ ।

### बिरामि आफै प्रयोगशालामा जान मिल्छ कि मिल्दैन ? कति शुल्क लाग्छ?

बिरामि सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।
यसको परिक्षणकोलागि कुनै शुल्क लाग्दैन ।

### रिपोर्ट आउन कति समय लाग्छ?

नमुना प्रयोगशालामा पठाएको २४ देखी ४८ घण्टामा यसको रिपोर्ट लिन सकिन्छ । रिपोर्ट पोजेटिभ देखिएमा सम्बन्धीत अस्पताल र डाक्टरलाई तुरुन्त खबर गरिन्छ ।

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219